दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६९ | बुटवल | २०८३ असार ०८ गते, सोमबार | नेपाल संवत ११४६ | Monday Jun 22, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा
-तोडफोड तथा क्षति नपुऱ्याऔं ।
- सार्वजनिक स्थलमा सरसफाइ गरौं ।
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं / नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
-जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
**-सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।**

नेपाल सरकार विज्ञापन बोर्ड


# रास्वपा महाधिवेशनमा कसले के भने ?

## सुकुम्वासीदेखि सहकारी समस्या समाधान यही कार्यकालमा समाधान गर्ने प्रधानमन्त्री बालेन्द्र साहले बताएका छन् ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रधानमन्त्री बालेन शाहसँग प्रतिपक्ष दलहरूले प्रतिनिधिसभामा बोल्नुपर्ने र सीमाको विषयमा खाजेको जवाफ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनबाट दिएका छन् । आइतबार चितवनमा रास्वपाको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्री शाहले सीमा विवादबारे दिएको अभिव्यक्तिका विषयमा जवाफ दिएका हुन् । उनले प्रतिपक्ष दलहरुले प्रधानमन्त्री शाहले प्रतिनिधि सभामा बोल्नुपर्ने र संसद्मा सिमा विवादको विषयमा बोलेको जवाफ मागिरहेका थिए ।

तर प्रधानमन्त्री बालेनले संसद्मा स्पस्टीकरण दिएका थिएनन् । उनको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनालले प्रस्टीकरण दिएका थिए ।

प्रधानमन्त्री बालेन शाहले यही कार्यकालमा सुकुमवासीदेखि सहकारी समस्या समाधान गर्ने बताएका छन् । प्रधानमन्त्री शाहले भने-'हामीले यही कार्यकालमा सुकुम्वासी समस्या समाधान गर्छौं । यही कार्यकालमा सहकारी समस्या समाधान गर्छौं । अर्को चुनावमा फेरि यही एजेन्डा बोकेर जाँदैनौं । अर्को चुनावमा नयाँ एजेन्डा बोकेर जाने हो ।' शाहले रास्वपा लोकल गाडी नभएर हाइवेमा गुडेको गाडी भएकाले गन्तव्यमा पुगेर मात्र ब्रेक लाग्ने बताएका छन् ।

शाहले कतिपयले आफूहरूले हाँकेको रास्वपा रुपी गाडी दुई तिहाइ जनमत दुर्घटनामा पर्न सक्ने भनेर गरेको चिन्ताप्रति यस्तो जवाफ दिएका हुन् । 'हाम्रो गाडी लोकल होइन, गन्तव्यमा पुगेपछि ब्रेक लाग्छ', शाहले भने-'हाम्रो गाडी अनियन्त्रित छैन । चिन्ता लिनुभएकोमा धन्यवाद दिन चाहन्छु ।' साथै उनले रास्वपा प्रतिशोध साँध्ने पार्टी नभएको भन्दै विगतमा केही फट्याइँ भएको तथा सरकारी सम्पत्तिमा दोहन भएको बताए । उनले नियम कानुन नमिच्ने भन्दै कानुनभित्रै बसेर काम गर्ने र आउट अफ कन्ट्रोल नगएको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेले विगतका राजनीतिक दलका अनुभवबाट सिकेर पार्टीभित्र गुट-उपगुटको राजनीति अन्त्य गरेर अघि बढ्नुपर्ने बताएका छन् । चितवनको भरतपुरमा आइतबारदेखि सुरु भएको रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै सभापति लामिछानेले पार्टी एकताबद्ध भएर अघि बढे रास्वपालाई चुनौती दिने शक्ति अबको युगमा नआउने दाबी गरेका हुन् । उनले पार्टीभित्र त्याग र बलिदानको विषयमा असमान बुझाइ हुन सक्ने भन्दै त्यसप्रति सचेत रहन आग्रह गरे । सभापति लामिछानेले कतिपय अवस्थामा अरूले गरेको त्याग र बलिदानलाई सहज रूपमा स्वीकार गर्ने तर आफूले त्याग गर्नुपर्दा कठिन महसुस गर्ने देखिन थालेको पनि बताए ।

लामिछानेले पार्टीले प्रधानमन्त्री बालेन्द्र शाहलाई गोल हान्ने जिम्मा दिएको बताएका छन् । रास्वपाको आइतबारदेखि चितवनमा सुरु भएको पहिलो महाधिवेशनमा सभापति लामिछानेले प्रधानमन्त्री शाहले अब भटाभट गोल हान्नुपर्ने बताए । 'रास्वपाले बालेन्द्र शाहको खुट्टामा बल पुऱ्याएको छ,' सभापति लामिछानेले भने- 'भटाभट गोल हान्ने जिम्मा उहाँको हो । झुकिएर त्यो बल मेरो खुट्टामा आएछ भने पास गर्ने जिम्मा मेरो हो ।' उनले पार्टीभित्र असन्तुष्टि देखिएको विषयमा बाहिर आएका हल्लालाई चिर्न उनले यस्तो बताएका हुन् । लामिछानेले यसभन्दा अगाडि भएका आन्दोलनलाई तिरस्कार गर्ने साहस आफूहरूमा नभएको बताएका छन् । आइतबार चितवनमा पार्टीको पहिलो महाधिवेशनको उद्घाटन सत्रमा सभापति लामिछानेले आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गरेर अगाडि बढ्ने बताए ।

'हामीले यसभन्दा अगाडिका आन्दोलनलाई तिरस्कार गर्दैनौ । तिरस्कार गर्ने आट हामीमा छैन,' सभापति लामिछानेले भने-'आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न हामी लागिरहने छौं । '




**के ललिपप खाने मैले यो उमेरमा ? : बाबुराम**

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफूले विगत एक दशकदेखि गर्दै आएको वैकल्पिक राजनीतिक अभियानको सबैभन्दा महत्वपूर्ण उपलब्धि रास्वपा रहेको बताएका छन् । रास्वपाको प्रथम महाधिवेशनलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

'यो आफैंले गत ११ वर्षदेखि नयाँ शक्ति अभियान भन्दै वैकल्पिक राजनीतिको पैरवी गरेँ । अहिले म रास्वपालाई त्यो अभियानको सबैभन्दा महत्वपूर्ण उपलब्धिको रुपमा ग्रहण गरेको छु ।'- उनले भने । आफूले यस्तो भन्दा के पाउन लाग्यो र के ललिपप पायो भन्दै टिप्पणी हुने गरेको भन्दै उनले आलोचना गरे । 'त्यसोभन्दा हाम्रो समाज अत्यन्तै न्युनस्तरको छ, अब यसले के पाउन लाग्यो, के ललिपप देखाइदियो भन्छन्,' उनले भने- 'म सारा जीवन मर्न हिंडेको मान्छे के ललिपप खाने ? सबैथोक प्राप्त गरेको मान्छे, प्रधानमन्त्री भएको मान्छे, के ललिपप खाने मैले यो उमेरमा ?'

**जहाँ विधि मिचिन्छ, त्यहाँ सशक्त प्रतिवाद : गगन थापा**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जहाँ विधि मिचिन्छ, त्यहाँ कांग्रेस सशक्त रूपमा उभिने बताएका छन् । रास्वपाको चितवनामा सुरु पहिलो अधिवेशनका शुभकामना दिँदै थापाले सरकार र मन्त्रीहरूको कार्यशैलीप्रति सङ्केत गरे । थापाले भने-'जहाँ विधि मिचिन्छ, त्यहाँ कांग्रेस सशक्त रूपमा उभिन्छ ।' उनले मन्त्रीले रुखमा बाँध्छु भन्दा त्यसको विपक्षमा उभिने बताए । 'कुनै मन्त्रीले नागरिकलाई रुखमा बाँध्नुपर्छ भन्दा हामी औँला उठाउँछौँ ।'- उनले भने । सिमाना मिचिएको सवालमा रास्वपाले लिने अडानलाई कांग्रेसले झनै ठुलो स्वरले स्वागत गर्ने उनको भनाइ थियो ।

थापाले विगत १०-१२ वर्षदेखि जसरी पनि सत्तामा पुग्ने 'हिसाबी राजनीति' मात्र भएको भन्दै अबको यात्रा जनमुखी र मूल्य मान्यतामा आधारित हुनुपर्ने बताए । थापाले कांग्रेस संविधान र व्यवस्था जोगाउन सधैँ प्रतिबद्ध रहने जनाए । थापाले नेपाली कांग्रेस राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रतिस्पर्धी भएको तर, दुस्मन नभएको बताएका छन् । रास्वपाको चितवनमा सुरु पहिलो महाअधिवेशनमा शुभकामना दिँदै थापाले रास्वपा र कांग्रेसबिचको सम्बन्धबारे धारणा व्यक्त गरे ।

'नेपाली कांग्रेस राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिस्पर्धी हो, दुस्मन होइन । हामी तपाईंहरूभन्दा अग्लो बन्न चाहन्छौँ र बन्छौँ पनि, तर तपाईंहरूलाई कमजोर बनाएर होइन, राम्रो कर्म गरेर र जनताको मन जितेर मात्र ।'-थापाले भने । उनले रास्वपाको उदयले कांग्रेसलाई पनि आफ्नो कार्यशैली सुधार्न अप्ठ्यारो पारेको र त्यो लोकतन्त्रका लागि सुखद पक्ष भएको टिप्पणी गरे ।

**रास्वपा कहाँ उभिन्छ भन्ने प्रश्न छ : ज्ञवाली**

नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले राष्ट्रिय राजनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कहाँ उभिन्छ भन्ने प्रश्न सबैतिर रहेको बताएका छन् । रास्वपाको आजबाट चितवनमा सुरु भएको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै ज्ञवालीले भने-'राष्ट्रिय राजनीतिमा रास्वपा कहाँ उभिन्छ भन्ने प्रश्न सबैतिर छ । तपाईंहरू सेन्टरमा उभिनुस् वा राइट वा लेफ्टमा ढल्किनुस्, त्यो ठुलो कुरा होइन । मुख्य कुरा गरिखाने जनताका लागि केही गर्ने पार्टी बन्नुस् ।' नेता ज्ञवालीले रवि लामिछाने सभापति र बालेन्द्र शाह वरिष्ठ नेता चयन हुनुभएकोमा बधाई ज्ञापन गर्दै महाधिवेशनले नेतृत्व मात्र नभई पार्टीको स्पष्ट नीति र कार्यदिशा तय गर्नुपर्ने बताए ।

ज्ञवालीले रास्वपाले युवाहरूलाई राजनीतिमा जोड्न सफल भएको विषयबाट पुराना राजनीतिक दलहरूले धेरै कुरा सिक्नुपर्ने बताए । उनले जनादेश हासिल गर्नुभन्दा त्यसलाई सङ्गठित र परिचालन गर्नु ठुलो चुनौती भएको उल्लेख गर्दै भने-'निर्वाचन र जनमत केवल साधन हुन्, साध्य त राष्ट्र निर्माण र मुलुकको आगामी दिशा तय गर्नु हो ।' ज्ञवालीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई प्राप्त जनमतलाई राष्ट्र निर्माण र लोकतन्त्रको संस्थागत सुदृढीकरणमा प्रयोग गर्न सुझाव दिएका छन् ।

रास्वपाको आइतबारदेखि चितवनमा सुरु भएको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै ज्ञवालीले नयाँ दलका रूपमा रास्वपाले छोटो समयमा हासिल गरेको उपलब्धिलाई सङ्गठित र व्यवस्थित गर्नुपर्ने बताए । ज्ञवालीले रास्वपाको कार्यशैलीलाई गाडीको गतिसँग तुलना गरे । उनले गाडीमा एक्सिलेटरसँगै ब्रेक राखिएको र दुवैको महत्त्वपूर्ण भूमिका हुने जनाए ।

**सरकारका कदमहरू विधिसम्मत हुनुर्प : पुन**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता वर्षमान पुनले थिति बसाउने नाममा चालिने कदमहरू सधैँ विधिसम्मत र संविधानको परिधिभित्र अघि बढाउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सुझाव दिएका छन् । चितवनमा आइतबारदेखि सुरु भएको रास्वपाको पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता पुनले नयाँ पुस्ताको राजनीतिले जनतामा आशा जगाएको भए पनि पद्धतिभन्दा बाहिर जान नहुनेमा सचेत गराएका हुन् ।

सम्बोधनका क्रममा नेता पुनले नेपाली समाजको रूपान्तरणको यात्रा सहज नभएको र ठुलो बलिदानको जगमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको स्मरण गराए । उनले नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' स्वास्थ्यका कारण उपस्थित हुन नसकेको जानकारी दिँदै आफ्नो गृह जिल्लामा आएका सबैलाई अध्यक्षका तर्फबाट स्वागत र महाधिवेशनको शुभकामना व्यक्त गरे । नेता पुनले रास्वपा र नेकपाबिच पृष्ठभूमि र काम गर्ने शैली फरक भए तापनि सुशासन र समाज रूपान्तरणको एजेन्डामा धेरै समानता रहेको उल्लेख गरे । 'हामी सुशासनको पक्षमा छौँ र विगतमा हामीले सहकार्य पनि गरेका छौँ,' उनले भने- 'अन्य दलहरूको तुलनामा रास्वपा र नेकपाबिच धेरै विषयमा सहकार्य भएको छ, थिति बसाउने यहाँहरूको एजेन्डामा हाम्रो साथ रहनेछ ।' रास्वपालाई सामाजिक न्यायसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति अझ स्पष्ट र बलियो प्रतिबद्धता व्यक्त गर्न पुनले आग्रह गरेका छन् ।

पुनले नयाँ राजनीतिक शक्तिका रूपमा छोटो समयमै उल्लेखनीय जनसमर्थन हासिल गरेको रास्वपामाथि देशको विशेष चासो र अपेक्षा रहेको बताए । महाधिवेशनबाट तय हुने नेतृत्व, विचार, रणनीति र कार्यदिशाले राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने भएकाले यसको महत्त्व विशेष रहेको उनको भनाइ थियो ।

**राजनीतिक परिवर्तनको जिम्मा रवि र बालेन्द्र:लिङ्देन**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले वर्तमान राजनीतिक परिवर्तनको जिम्मा जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तथा रवि लामिछाने र बालेन्द्र शाहलाई दिएको बताएका छन् । रास्वपाको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले यो अवसर कुनै व्यक्ति वा पार्टीका लागि मात्र नभई समग्र देशका लागि ऐतिहासिक भएको बताए । अध्यक्ष लिङ्देनले प्रजातन्त्र स्थापनापछि देशमा राजनीतिक दलहरूले 'लुटतन्त्र' मच्चाएको आरोप लगाउँदै त्यसमा परिवर्तन ल्याउन आवश्यक रहेको बताए । 'हामी कुनै समय फरक-फरक कित्तामा रहेर पनि एउटै कुरा गरिरहेका थियौँ,' उनले भने-'फागुन २१ गतेको निर्वाचनबाट जनताले परिवर्तनका लागि स्पष्ट जनमत दिएका छन् र त्यो जिम्मा रवि लामिछाने र बालेन्द्र शाहको काँधमा आएको छ ।'

उनले यस्तो अवसर पार्टी र व्यक्तिको जीवनमा कहिल्यै नआउने बताउँदै यसलाई चुकाएमा त्यसको क्षति देशले भोग्नुपर्ने चेतावनी दिए । 'यो अवसर चुकाउनुभयो भने धोका व्यक्ति वा पार्टीलाई मात्र होइन, समग्र देशलाई हुनेछ । मलाई विश्वास छ, तपाईंहरूले यो जिम्मेवारी पूरा गर्नुहुनेछ ।'- लिङ्देनले भने ।

» बाँकी ३ पेजमा

## साइबर बुलिङले निष्पक्ष अनुसन्धान गर्न डराउनुपर्ने स्थिति : डा. थापा



बुटवल । राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य डा. लिली थापाले सामाजिक सञ्जालमा बढ्दो साइबर बुलिङ र व्यक्तिगत आक्रमणका कारण मानवअधिकारसम्बन्धी घटनामा निष्पक्ष अनुसन्धान गर्न डराउनुपर्ने स्थिति आएको बताएकी छन् ।

आइतबार शान्तिका लागि सामूहिक अभियान (कोक्याप) ले आयोजना गरेको मानवअधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलनमा उनले यस्तो बताएकी हुन् । उनले जेन-जी आन्दोलनको घटनामा आयोगले निष्पक्ष र तथ्यको आधारमा प्रतिवेदन तयार पारेपनि विभिन्न आरोपहरु लाग्ने गरेको गुनासो गरिन् । आयोगले देखेका र अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई कुनै पूर्वाग्रहबिना प्रतिवेदन सार्वजानिक गरेको उनको भनाई छ । तर त्यसपछि सामाजिक सञ्जालमा आफूविरुद्ध अपमानजनक टिप्पणी, गालीगलौज र चरित्रहत्या गर्ने प्रयास बढेको उनको गुनासो छ ।

आयोगका पदाधिकारी, सञ्चारकर्मी तथा अनुसन्धानमा संलग्न व्यक्तिहरू निरन्तर साइबर आक्रमणको निशानामा परिरहेको उल्लेख गर्दै उनले यसले स्वतन्त्र र निष्पक्ष रूपमा काम गर्ने वातावरण खुम्चिँदै गएको बताइन् । उनले नागरिक समाजको भूमिकाप्रति पनि प्रश्न उठाउँदै साइबर बुलिङका घटनामा नागरिक समाज मौन बसेको आरोप लगाइन् ।

उनले जेन-जी आन्दोलनको घटनामा छानबिन गर्नुपर्नेहरु नै हाल निति निर्माणको तहमा पुगेको उल्लेख गरिन्। द्वन्द्वकालीन घटनाहरूको उदाहरण दिँदै उनले छानबिनको दायरामा ल्याउनुपर्ने व्यक्तिहरु नै नीतिनिर्माण तहमा पुगेका कारण धेरै मुद्दा आजसम्म टुंगोमा पुग्न नसकेको बताइन् ।

» बाँकी ३ पेजमा

## हालको विज्ञापन नीति खारेज गर्न सञ्चार संस्थाहरूको माग

बुटवल । चौथो राष्ट्रिय मिडिया सम्मेलनले सरकारको हालको विज्ञापन नीतिलाई खारेज गर्नुपर्ने माग गरेको छ । प्रकाशन तथा प्रसारण संघ लुम्बिनी र नेपाल मिडिया सोसाइटीको संयुक्त आयोजना तथा बुटवल उप-महानगरपालिकाको सहकार्यमा असार ६ र ७ गते बुटवलमा सम्पन्न दुईदिने सम्मेलनले आठ बुँदे बुटवल घोषणापत्र-२०८३ जारी गरेको छ ।

सम्मेलनमा सहभागी प्रकाशक, सम्पादक र सञ्चारकर्मीहरूले सरकारी विज्ञापन वितरणमा अपनाइएको नीति र अभ्यासले निजी क्षेत्रका सञ्चार माध्यमलाई गम्भीर आर्थिक सङ्कटमा धकेलेको ठहर्याए । यसैले विद्यमान नीतिको ठाउँमा समावेशी, समानुपातिक र वैज्ञानिक आधारमा विज्ञापन वितरण गर्ने प्रणाली लागू गर्नुपर्ने सम्मेलनको माग छ । साथै नेपाल पत्रकार महासंघले चलाइरहेको आन्दोलनलाई पूर्ण समर्थन जनाउँदै थप सशक्त बनाउने प्रतिबद्धता पनि जनाइएको छ ।

घोषणापत्रमा विज्ञापन वितरणमा देखिएको अनियमितता र असमानताको छानबिनका लागि उच्चस्तरीय समिति गठन गर्ने र देशभरका सञ्चार संस्थालाई व्यावसायिक रूपमा सक्षम बनाउन साझा विज्ञापन बिक्री संयन्त्र स्थापना गर्ने माग समेत राखिएको छ । पारदर्शिता बढाउन सञ्चार संस्थाहरूले प्रत्येक तीन महिनामा आफ्नो पाठक-दर्शक तथ्याङ्क सार्वजनिक गर्ने र बर्सेनि स्वतन्त्र सर्वेक्षण तथा लेखापरीक्षण गर्ने प्रतिबद्धता जनाइएको छ । विज्ञापनमा मात्र भर नपरी सदस्यता, ब्रान्डेड सामग्री जस्ता वैकल्पिक आम्दानीका स्रोत खोज्नुपर्नेमा पनि जोड दिइएको छ ।

संघ, प्रदेश र स्थानीय तहका सरकारले सञ्चार क्षेत्र सवलीकरणका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने र यसका लागि मिडिया अधिकार तथा दिगोपन पैरवी समिति गठन गर्ने उल्लेख गरिएको छ । यससम्बन्धी पैरवीको जिम्मेवारी नेपाल मिडिया सोसाइटी र प्रकाशन तथा प्रसारण संघ लुम्बिनीले लिने जनाइएको छ । सरकारले लोककल्याणकारी विज्ञापनको भुक्तानी रकम घटाएको विषयमा सम्मेलनले गम्भीर चिन्ता व्यक्त गर्दै पूर्ववत् भुक्तानी प्रणाली कायम राख्न माग गरेको छ ।

घोषणापत्रमा भगवान बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्ति र सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्न तीनै तहका सरकारले संयुक्त पहल गर्नुपर्ने र त्यहाँ सञ्चार सङ्ग्रहालय तथा सञ्चारग्राम स्थापना गर्नुपर्ने माग पनि राखिएको छ ।

नेपाल मिडिया सोसाइटीका अध्यक्ष मदन लम्सालद्वारा हस्ताक्षरित घोषणापत्रमा सञ्चार क्षेत्रको सुदृढीकरणका लागि सरकार, सञ्चार संस्था र सरोकारवालाबीच साझा सहकार्य आवश्यक रहेको निष्कर्ष निकालिएको छ । समापन कार्यक्रममा प्रकाशन तथा प्रसारण संघ लुम्बिनीका अध्यक्ष नवराज कुँवरले सम्मेलन पूर्णतः सफल भएको र घोषणापत्रले सरकार तथा सरोकारवालालाई महत्वपूर्ण सन्देश दिएको बताए ।


## नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म,मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।

विनय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सुदीप पौडेल
नगर प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## विधिको शासन नै सर्वोपरी

लोकतन्त्र विधिको शासन हो, जहाँ सरकारका हरेक अंग विधिलाई सर्वोपरी ठान्छन् । विधिले चल्ने भएकाले आज लोकतान्त्रिक प्रणाली सर्वस्वीकार्य भएको हो । नागरिकका आशा र अपेक्षा पूरा गर्नका लागि विधि बनाएर गरिन्छ ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डै दुई तिहाईको सरकार छ । यो सरकारसँग काम गर्ने हुँटहुँटी छ । त्यो हुँटहुँटीलाई विधिमा ढालेर अघि बढ्दा नतिजा निस्कन्छ, नागरिकका आकांक्षा पूरा हुन्छन्, तर काम गर्ने हुँटहुँटी भएर मात्रै हुन्न, नागरिकका आकांक्षा पूरा गर्न विधिसम्मत प्रयास गरिएन भने त्यसले नागरिकका आकांक्षामा ठेस लाग्ने मात्र नभई दुर्घटना निम्तिने जोखिम हुन्छ । प्रधानमन्त्री बालेन्द्र साहले राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनलाई सम्बोधन गर्दै अख्तियार लक्षित दिएको अभिव्यक्ति विधिसम्मत नभएको देखिन्छ । अख्तियारलाई आवश्यक परे ५ घण्टा होइन्, पाँच वर्ष सल्लाह लिन्छौं भन्ने उनको अभिव्यक्ति यसअघि सञ्चारमाध्यममा आएका समाचारको प्रष्टिकरण हो, प्रधानमन्त्री कार्यालयमा अख्तियार प्रमुख प्रेम राईसहितका पदाधिकारीलाई पाँच घण्टा थुनेर राहदानी विभागका महानिर्देशक तिर्थ अर्यालाई जबर्जस्ती पक्राउ गर्न दिएको दबाबको चौतर्फी आलोचना भएपछि प्रधानमन्त्रीको प्रष्टिकरण आएको छ । अख्तियार स्वतन्त्र संवैधानिक निकाय हो, यसलाई स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउनु सरकारको काम हो, सिधैं हस्तक्षेप गर्ने प्रवृत्तिले अन्ततः संविधानको मर्ममाथि प्रहार हुन्छ । भौतिक पूर्वाधार मन्त्रीले काम नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनु भन्ने अभिव्यक्ति पनि जिम्मेवार ठाउँमा बसेको व्यक्तिको गैरजिम्मेवार अभिव्यक्ति हो । काम नगर्ने ठेकेदारलाई कारबाही गर्न कानुन छ, कानुनको प्रयोग गरी कारबाहीको दायरामा ल्याउन सकिन्छ । कानुनलाई सर्वोपरी ठान्दा शासन प्रणाली संस्थागत हुन्छ, सरकारप्रति विश्वास बढ्छ । कानुन र विधिलाई समातेर अघि बढ्दा समाज लयमा हिंडाउन सहज हुन्छ । अहिले प्रधानमन्त्रीदेखि मन्त्रीहरु र मातहतका निकायका कतिपय गतिविधिले समाजमा अराजकता बढाउन भूमिका खेलेको छ । समाजमा बढ्दो अराजकता नियन्त्रण गर्न राज्यसंयन्त्रले विधिसम्मत चाल्ने कदमलाई सक्रिय बनाउँदा संभव छ, तर कानुन नै हातमा लिएर चाल्ने निर्णयले शासकलाई सर्वसत्तावादी दिशातिर लैजान्छ । यसले आग्रह र पूर्वाग्रहको बिउ रोप्छ ।

विकास र समृद्धिको सपना पूरा गर्न 'एक्सन'मा जाने भन्दै विधिलाई कुल्चने प्रवृत्तिले समाजलाई गलत बाटोमा लैजान्छ । अन्ततः विकास र समृद्धिका सपना साकार हुँदैनन् । अहिलेको ज्वलन्त प्रश्न हो, के सरकार लोकतान्त्रिक मर्म र विधिलाई निशर्त अनिवार्य पालना गर्छ ? त्यो विषयमा कुनै शंका नगर्न आम विश्वास दिलाउने हो भने प्रधानमन्त्री र मन्त्री तथा मातहतका निकायबाट हरेक काम विधिसम्मत गरेको प्रमाणित गर्नुपर्छ । त्यसका लागि प्रधानमन्त्रीले सञ्चारमाध्यमसहित समाजका विभिन्न तप्कासँग खुला छलफल गर्नुपर्छ ।

# काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर



झपेन्द्र जिसी

सरकार जन आवश्यकता केन्द्रित छैन लेख्नु पर्दा दुःख लागेको छ। सरकार देश र जनता र सामाजिक रुपान्तरणको पक्षमा केन्द्रित होस्। दलित भनिएका जातिहरुसँग माफ मागेर मात्र पुग्दैन। नेपालमा छुवाछुत प्रथा अन्त्य गर्नका लागि के गर्दै छौं, सरकार। लौ त नेपाललाई छुवाछुत मुक्त समाज बनाएर देखाऊ। बढी चटक नाटक नगर भनेर छुवाछुतबाट पीडित जनले भनिरहेका छन्।

अहिलेको आवश्यकता विकास र समृद्धिको योजना कार्यान्वयन होस् र हुनुपर्ने हो । विकास र निर्माण हो हरेक तहका कार्यालयबाट सेवाग्राहीले विना झन्झट अर्थात् झन्झटमुक्त ढंगले सेवा प्राप्त गर्नु हो । भ्रष्टाचारमुक्त राज्य सञ्चालन गर्नु हो । सरकार सञ्चालकहरु याने कि प्रधानमन्त्री गृहमन्त्री, रक्षामन्त्री, अर्थमन्त्रीलगायत सबै मन्त्रीहरु हरेक कामकाज पारदर्शी हुनु हो । निर्वाचनमा मतदाताहरुसँग चुपचाप घण्टी छाप भने झैं चुपचाप सुशासनयुक्त राज्य चलाउनु हो । सरकार मालिक र शासकका रुपमा र आतंककारीका रुपमा प्रस्तुत नभई साँचो सेवक र जनभावनाको कदर गर्ने चरित्रको हुनु पर्ने हो । संसद मतदाता जनताको सर्वोच्च प्रतिनिधि संस्था हो । राज्य प्रमुख वा प्रधानमन्त्रीले जनप्रतिनिधिले संसदमा राखेका जिज्ञासापूर्ण प्रश्नको साँचो साँचो जवाफ दिनु हो । जनप्रतिनिधि/सांसदहरुको जिज्ञासाको सही साँचो जवाफ दिएर जनतालाई कदर गर्नु पनि हो । सारतः शासक सरकार जनता र देशप्रति जवाफदेही हुनु हो । सारतः यसैलाई सुशासन भनिन्छ होला । शासक- सरकार सुशासनका कार्यहरु गर्दैछ कि काम कुरा एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तो गर्दैछ ? यो आजको प्रश्न हो । प्रतिपक्ष सांसदहरुबाट संसद अवरुद्ध हुनुको पछाडि सत्तापक्ष नै जिम्मेवार रहेको देखिन्छ ।

प्रतिपक्ष सांसदहरुले प्रधानमन्त्री, गृहमन्त्री वा कुनै मन्त्री पद पाउनका लागि सौदावाजी गरेका हुन् वा शासक पार्टी रास्वपाको सरकारलाई असफल पार्न विरोधहरु खडा गर्न दुष्प्रयत्न गरिरहेका छन् भन्ने पनि देखिंदैन ।

झण्डै दुई तिहाई सीट प्राप्त दलले सरकार सञ्चालन गर्न पाउनुपर्छ । यसमा बाधा अड्चन खडा गर्नु शोभनीय हुँदैन ।

तर प्रधानमन्त्री बालेन्द्रले विना सूचना संसदमा आई नेपालले पनि भारतको भूमि मिचेको छ भनेर बोलिदिए । आजसम्म स्वयं भारतलेसम्म प्रश्न नउठाएको विषय उठाइदिए । नेपालको सम्प्रभु भित्र रहेको भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ताजस्ता भूमि त भारतले मिचेकै छ, यो देशभक्त नेपालीले उठाउँदै आएको प्रश्न हो । नेपालसँग त्यसको ऐतिहासिक प्रमाण छ । हाम्रो भूमि हामी नेपालीले फिर्ता पाउनु पर्छ भनेर नेपालीले विगतदेखि नै आवाज उठाउँदै आइरहेको घडीमा प्रधानमन्त्रीले भारतको भूमि मिचेका छौं, कुन मुखले भन्न सकेका हुन् ? यसबाट जनजनले प्रश्न उठाइरहेका छन् । यी प्रधानमन्त्री भारतका हुन कि नेपालका अथवा विदेशका ? अथवा कुन देशका ?

यो त भयो प्रधानमन्त्रीले उठाएको सवाल । यो सवालले मिचाहा दिल्ली सरकारलाई बल पुगिरहेको छैन त ? यो त राष्ट्रघाती देशद्रोही, जनविरोधी अभिव्यक्ति हो, गद्दारी हो भन्ने ठहरमा नेपाली जनता पुगेका छन् । सीमानामा बस्ने नेपालीहरु स्वभूमि रक्षाका लागि लडिरहेका छन् । सुस्तावासी नेपाली जनता सुस्ताभूमि बचाउन भारतीय सशस्त्र प्रहरीसँग ज्यान हत्केलामा राखेर लडिरहेका छन् । तर देशका प्रमुख प्रधानमन्त्री भने देशको रक्षा देशको विकास र जनसेवाका सबै काम एकातिर पन्छाएर नेपालले पनि भारतको भूमि मिचेका छौं भनेर नेपाली जनताको विरुद्धमा बोल्दै छन् ।

देशमा गरिबी छ । जनता भूमिहीन अर्थात् सुकुम्बासी पनि छन् । सुकुम्वासी समस्या समाधान गर्न विगत सरकारले विशेषतः तत्कालीन नेकपा एमालेले प्रयत्न जगजागेर छ । गर्दागर्दै सरकार ढल्ने आदि स्थिरता कारण काम पूरा हुन सकेनन् । यो पनि जगजाहेर छ । सुकुम्बासी को को हुन् र गैर सुकुम्वासी को को हुन पहिचान नगरी बस्तीबस्तीमा डोजर नचाएर यो सरकारले उठिबास गरायो, यो पनि जगजाहेर छ । मुख्य कुराबाट चिलिप्एर सरकार सुमार्गीतिर होइन कुमार्गीतिर हिंड्दैछ । के यो पनि सुशासनको परिचय हो त ?

विगत २०५१ सालमा गठित अल्पमतको सरकारका प्रधानमन्त्री मनमोहन नेतृत्वको सरकारले ज्येष्ठ नागरिक भत्ता, दलित भनिएको वा बनाइएका नेपाली जातिहरु र शिक्षक कर्मचारी लगायतलाई योगदानमा आधारित पेन्सन क्रमशः हुँदै गए । क्रमशः राज्यको स्वामित्वमा रहेको स्वास्थ्य विमाको थालनी भए । यी सबै लोककल्याणकारी राज्यका परिचय थिए ।

यी सुविधा प्राप्तिमा पनि कताकता अहिले गञ्जागोल हुँदैछ । यी भत्ता पेन्सन काट्ने कुरा गर्दै थियो यो बालेन सरकार । तर संसदमा झिनो नै भए पनि नेपाली कांग्रेस, नेकपा एमाले जस्ता पार्टीका तर्फबाट निर्वाचित सांसदको उपस्थिति रहेको हुँदा सुविधा काट्ने धम्कीपूर्ण घुर्कीका बाबजुद काट्न सकेन ।

यहींनिर भन्नै पर्छ, कांग्रेसमा रहँदा राष्ट्रिय योजना आयोगमा समेत पुगेका हाल रास्वपाको तर्फबाट जननिर्वाचित अर्थमन्त्री स्वर्णिम वाग्ले संसदको रोष्ट्रमबाटै उद्घोषण गरे- हामी कम्युनिष्ट होइनौं भने । यिनको चरित्र नै कम्युनिष्टको जस्तो छैन स्पष्ट छ भने । रास्वपा पार्टी र त्यस पार्टीबाट निर्वाचित सांसदहरु कम्युनिष्ट होइनन् । यो त जगजाहेर नै छ । त्यसैले यिनले कम्युनिष्टप्रति वकवास गर्न पर्दैन ।

तर यो कलमकार चेतावनी दिन चाहान्छ, यी सबै लोककल्याणकारी राज्यले उपलब्ध गराउने भत्ताको थालनी गर्दा आदि पुरुष तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी, अर्थमन्त्री भरत मोहन अधिकारी गृहमन्त्री केपी शर्मा ओली लगायत कम्युनिष्ट नै थिए र केपी ओली त जीवित नै छन् । बुझे हुन्छ वाग्लेले ।

अन्त्यमा फेरि पनि बहुमत सीट प्राप्त यो सरकारले आफ्नो अनुहार ऐनामा हेरोस् के देखिन्छ । स्रोत विनाको सम्पत्तिको थुप्रो देखिएपछि गृहमन्त्रीबाट निष्काशित सुदन गुरुङलाई छानबिन आयोगको प्रतिवेदन सार्वजनिक हुन नपाउँदै के आधारमा र किन गृहमन्त्रीमै पुनवहाली गरियो ? गृहमन्त्री हुनासाथ नारायणहिटी राज दरबारको हत्याकाण्डको छानबिनको फाइल खोल्ने बताएका छन् । खोल र गर । यसरी नै सबै पूर्व प्रधानमन्त्रीहरु र मन्त्रीहरुको फाइल खोल्ने भनेर एउटा आतंक सिर्जना गरेका छन् ।

आफू र आफ्नो सरकार सदाचारी र अरु जति भ्रष्टाचारी हुन् र ? ठीक छ, सरकारमा रहेकाले गर्नुपर्छ । सबै राम्रा राम्रा काम गर । पाँच वर्षमा देशलाई झिलिमिली बनाइदेऊ । सबै जनता तिम्रै हुनेछन् र हिजो घण्टीमा मत नदिने मतदाता जनता पनि तिम्रै हुनेछन् । सरकार जन आवश्यकता केन्द्रित छैन लेख्नु पर्दा दुःख लागेको छ । सरकार देश र जनता र सामाजिक रुपान्तरणको पक्षमा केन्द्रित होस् । दलित भनिएका जातिहरुसँग माफ मागेर मात्र पुग्दैन । नेपालमा छुवाछुत प्रथा अन्त्य गर्नका लागि के गर्दै छौं, सरकार । लौ त नेपाललाई छुवाछुत मुक्त समाज बनाएर देखाऊ । बढी चटक नाटक नगर भनेर छुवाछुतबाट पीडित जनले भनिरहेका छन् ।

# अप्राकृतिक खानपान र हाम्रो स्वास्थ्य

दुर्योधन बस्नेत

हामीलाई बाँच्नका लागि तीनवटा आधारभूत कुराको आवश्यकता पर्छ, हावा, पानी र खाना । यतिबेला वातावरणीय प्रदूषणका कारण यी तीनवटै वस्तु प्रदूषित हुन पुगेका छन् । वायुमण्डलमा यत्रतत्र फैलिएको धुवाँ र धुलोका कारण हामी स्वस्थ श्वासप्रश्वास गर्न सकिरहेका छैनौं । जसका कारण धेरै मानिस फोक्सोसम्बन्धी रोग तथा दमका शिकार भइरहेका छन् भने छाला र आँखाका रोगीको संख्या पनि बढ्दो क्रममा छ ।

त्यसैगरी हामीले पिउने पानी पनि पूर्ण रूपमा सुरक्षित छैन । बढ्दो सहरीकरणले निम्त्याएको अव्यवस्थित बसोबासका कारण सहरी क्षेत्रमा रहेका अधिकांश पानीका मुहान, स्रोत, ढुङ्गेधारा, कुवा तथा इनारहरू मासिँदै र लोप हुँदै गएका छन्। अर्को कुरा, वर्षौंअघि बिछ्याइएका पानीका पाइपहरू पुराना भई खिया लागेका छन् भने ठाउँ-ठाउँमा टुटफुट भएका कारण पानीमा फोहोर मिसिने गरेको छ । त्यसैले खानेपानी संस्थानले वितरण गर्ने पानी पनि निर्धक्कसँग पिउन योग्य मान्न सकिने अवस्था छैन ।

यतिबेला काठमाडौँको हकमा भने मेलम्ची खानेपानी आयोजनाअन्तर्गत नयाँ पाइप बिछ्याइएकाले केही हदसम्म उक्त समस्या समाधान भएको छ। तर यो समस्या सहरको मात्र होइन । ग्रामीण भेगका पानीका मुहानसमेत बालीलाई किराबाट जोगाउन प्रयोग गरिने किटनाशक विषादीका कारण प्रदूषित भइरहेका छन् । अर्कोतर्फ, सहरी क्षेत्रमा वैकल्पिक पिउने पानीका रूपमा प्रयोग गरिने विभिन्न कम्पनीका सिलबन्दी बोतल तथा जारको पानीसमेत पूर्ण रूपमा शुद्धीकरण नभएको पाइन्छ । सम्बन्धित नियामक निकायबाट समय-समयमा गरिएको अनुगमनले पनि यो तथ्य पुष्टि गरिसकेको छ ।

यसैगरी, खानाका रूपमा प्रयोग गरिने अधिकांश वस्तु स्वस्थ र शुद्ध भेटिन कठिन छ । चाहे खाद्यान्न होस्, तरकारी होस्, फलफूल होस् वा बजारमा पाइने अन्य खानेकुरा, सबैमा कुनै न कुनै समस्या देखिन्छ । बालीलाई किराबाट जोगाउन नर्सरी अवस्थादेखि नै विषादी छर्ने गरिन्छ । फल लाग्न थालेपछि वा उपभोगयोग्य अवस्थामा पुगेपछि पुनः विषादी प्रयोग गरिन्छ । यस्तो अवस्थामा त्यसबाट उत्पादित वस्तु पूर्णरूपमा स्वस्थ रहने अपेक्षा गर्न कठिन हुन्छ ।

अहिले त विषादीबिना उत्पादन नै हुँदैन र व्यापार चौपट हुन्छ भन्ने मानसिकता नै विकसित भइसकेको छ । यतिले मात्र नपुगेर छिटो आम्दानी गर्ने उद्देश्यले पूर्णरूपमा परिपक्व नभएका तरकारीमा विभिन्न रासायनिक पदार्थ मिसाइएका घोल इन्जेक्सनका रूपमा प्रयोग गरी अप्राकृतिक रूपमा फुलाएर बजारमा बिक्री गर्ने प्रवृत्ति समेत देखिन्छ । यसरी उपभोक्ताको स्वास्थ्यमाथि प्रत्यक्ष खेलवाड भइरहेको छ ।

अरू त परै जाओस्, सागमा समेत अघिल्लो दिन विषादी छरेर भोलिपल्ट बजारमा बिक्रीका लागि ल्याइन्छ । फलफूललाई ताजा र आकर्षक देखाउन विभिन्न किसिमका अखाद्य पदार्थ प्रयोग गरिन्छ । स्याउलाई चम्किलो र ताजा देखाउन मैन लगाइन्छ भने केरालाई समयभन्दा अगावै पकाउन रासायनिक पदार्थ प्रयोग गरिन्छ । त्यसैगरी आँप पनि प्राकृतिक रूपमा पाक्नुअघि टिपेर केमिकलको प्रयोगमार्फत पकाइन्छ ।

खाद्यान्नको अवस्था पनि फरक छैन । दाल, चामल तथा गेडागुडीमा मिसावट हुने गरेको पाइन्छ । दालमा अत्यधिक पालिस गरिन्छ । कतिपय अवस्थामा दालजस्तै देखिने गरी रङ लगाइएका ढुङ्गासमेत मिसाइएका समाचार सार्वजनिक भएका छन् । चामलमा पनि यस्तै प्रकारका अखाद्य वस्तु मिसाइने गरेको भेटिएको छ । बेसारमा ढुटो र मसालामा काठको धुलो मिसाइने गरिएको पाइन्छ । हुँदाहुँदै नुनजस्तो आधारभूत खाद्यवस्तुमा समेत बालुवा मिसाइएका घटना सार्वजनिक भएका छन् ।

बजारमा पाइने तयारी खानेकुराको अवस्था झन् चिन्ताजनक छ । तिनलाई बनाउने तरिका, प्रयोग हुने कच्चा पदार्थ, पकाउने भाँडावर्तन, भण्डारणको अवस्था र सरसफाइका मापदण्ड हेर्दा धेरै खानेकुरा स्वास्थ्यका दृष्टिले उपयुक्त देखिँदैनन् । मिठाइमा अखाद्य रङ मिसाइन्छ । समोसा, पकौडा लगायतका खानेकुरा एउटै तेल वा डाल्डा घिउमा पटक-पटक पकाइन्छ । यसरी बारम्बार तताइएको तेल ट्रान्सफ्याटमा परिणत भई स्वास्थ्यका लागि हानिकारक बन्न पुग्छ ।

पकाउने तेल र घिउको गुणस्तर नै कमजोर भएको अवस्थामा त्यसलाई बारम्बार प्रयोग गर्दा त्यसले स्वास्थ्यमा कस्तो असर पार्ला भन्ने सहजै अनुमान गर्न सकिन्छ। समोसा, चाउमिन, पकौडालगायतका परिकारमा प्रयोग गरिने सामग्रीको गुणस्तरबारे सम्बन्धित निकायले समय-समयमा गरेको अनुगमनले पनि धेरै प्रश्न उठाएको छ ।

बजारमा पाइने माछालाई ताजा देखाउन फर्मालिनजस्ता रसायन प्रयोग गरिएको पाइएका घटनासमेत सार्वजनिक भएका छन् । फर्मालिन शव संरक्षणमा समेत प्रयोग हुने रसायन हो। मासु पनि सधैँ स्वस्थकर र गुणस्तरीय पाइन्छ भन्ने अवस्था छैन । दूध, दही तथा मोहीमा मिसावट हुने गरेको गुनासो बेलाबेलामा उठ्ने गरेको छ । कतिपय अवस्थामा दूधमा अत्यधिक पानी मिसाइने गरिएको समेत भेटिएको छ ।

त्यति मात्र होइन, छिटो उत्पादन र बढी आम्दानीको चाहनाले अहिले खाद्यान्न, फलफूल र तरकारीमा हाइब्रिड जातको प्रयोग बढेको छ । उत्पादन वृद्धि सकारात्मक पक्ष भए पनि उपभोक्ताले स्वाद, गुणस्तर र पोषणका विषयमा चिन्ता व्यक्त गर्ने गरेका छन् । यसरी अखाद्य, अस्वस्थकर तथा अत्यधिक विषादीयुक्त खानेकुराका कारण शरीरलाई आवश्यक पर्ने भिटामिन, खनिज, कार्बोहाइड्रेट, प्रोटिन र फाइबरजस्ता पोषक तत्व पर्याप्त मात्रामा प्राप्त गर्न कठिन हुन थालेको छ ।

यसका साथै जंकफुड र फास्टफुडजस्ता अस्वस्थकर खानपानप्रति हाम्रो आकर्षण बढ्दो छ । यस्ता खानेकुरामा चिनी, नुन र चिल्लोको मात्रा बढी हुन्छ । लामो समयसम्म सुरक्षित राख्न विभिन्न प्रकारका रासायनिक पदार्थसमेत प्रयोग गरिन्छ, जसले स्वास्थ्यमा दीर्घकालीन असर पार्न सक्छ ।

अर्कोतर्फ, हुने खाने वर्गका मानिसहरू पनि सन्तुलित खानपानभन्दा बाहिरी भोजनतर्फ बढी आकर्षित हुन थालेका छन् । पाँचतारे होटल वा महँगा रेस्टुरेण्टमा गएर पिज्जा, बर्गर तथा मदिराजन्य पेय पदार्थ सेवन गर्नुलाई प्रतिष्ठाको विषय ठान्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यसले खानपानलाई अझ अव्यवस्थित बनाएको छ ।

हाम्रो भान्सामा पनि खाना तयार गर्ने क्रममा विभिन्न कमजोरी देखिन्छन् । स्वादिष्ट बनाउने नाममा अत्यधिक चिल्लो प्रयोग गर्ने, मसला धेरै हाल्ने तथा खानेकुरा अत्यधिक डढाएर पकाउने गरिन्छ । यसले पनि स्वास्थ्यमा नकारात्मक असर पार्छ । खाना भण्डारण गर्ने स्थानको सरसफाइमा समेत धेरैले पर्याप्त ध्यान दिएका हुँदैनन् ।

त्यति मात्र होइन, जिब्रो र इच्छामाथि नियन्त्रण गर्न नसक्दा हामी प्राकृतिकभन्दा अप्राकृतिक खानपानतर्फ आकर्षित भइरहेका छौँ । भुटेको, तारेको, झानेको तथा पोलेको खानेकुराप्रति मोह बढ्दै गएको छ । परिणामस्वरूप पिज्जा, बर्गर, सेकुवा, छोइला, कचेला, मम, चाउमिन, समोसा जस्ता खानेकुरा लोकप्रिय बन्दै गएका छन् । अर्कोतर्फ, रोटी, ढिँडो, मकै, भटमासजस्ता तुलनात्मक रूपमा स्वास्थ्यकर परिकारप्रति रुचि घट्दै गएको छ ।

हाम्रो खानामा करिब ८० प्रतिशत क्षारीय र २० प्रतिशत अम्लीय तत्व हुनुपर्नेमा व्यवहारमा यसको ठीक उल्टो अवस्था देखिन थालेको छ । त्यसमाथि नकारात्मक सोच र अनावश्यक तनावले हाम्रो स्वास्थ्यलाई थप कमजोर बनाइरहेको छ । फलस्वरूप क्यान्सर, मधुमेह, हार्ट अट्याक, मिर्गौला फेल हुने समस्या, अल्जाइमर, माइग्रेन, ट्युमर, नसा च्यापिने समस्या, दम, खोकी, निमोनिया, ग्यास्ट्रिक, अल्सर, पायल्स, कब्जियत, मोतिबिन्दु, पिसाबसम्बन्धी सङ्क्रमण, प्रोस्टेटलगायतका विभिन्न रोग बढ्दै गएका छन् ।

यी रोगको उपचारका लागि हामी लाखौँ रुपैयाँ खर्च गर्छौं । विभिन्न उपचार पद्धति अपनाउँछौं । नाम चलेका डाक्टर र अस्पताल धाउँछौं । कतिपय अवस्थामा धामीझाँक्री तथा अन्य वैकल्पिक उपायको समेत सहारा लिन्छौं । तर धेरै अवस्थामा रोग पूर्ण रूपमा निको नभई केही समय नियन्त्रणमा मात्र रहने अनुभव गरिन्छ । औषधि खाँदासम्म ठीक हुने र छाडेपछि पुनः समस्या दोहोरिने अवस्थाले धेरै मानिसलाई निराश बनाएको छ ।

यही कारणले आज विश्वभरका मानिस वैकल्पिक उपचार पद्धतिको खोजीमा भौँतारिरहेका छन् । बाटोमा हिँड्दै गर्दा कसैले कुनै औषधिलाई अचुक उपचारका रूपमा प्रचार गऱ्यो भने धेरै मानिस त्यसतर्फ आकर्षित भइहाल्छन् । त्यसको प्रभाव, वैज्ञानिक आधार वा सम्भावित जोखिमबारे पर्याप्त जानकारी नलिई प्रयोग गर्ने प्रवृत्ति पनि देखिन्छ । किनकि मानिस रोगबाट पीडित छ र उसले समाधान खोजिरहेको छ ।

म पनि यस्तै खोजीमा भौँतारिने बिरामीमध्ये एक थिएँ। खोजी गर्दै जाँदा मैले आफ्नो अनुभवका आधारमा केही उपाय फेला पारेँ। आज म पोषण तथा जडीबुटीजन्य उत्पादनको प्रयोगबाट आफूले भोग्दै आएका आधा दर्जनभन्दा बढी स्वास्थ्य समस्याबाट राहत पाएको अनुभव गर्छु । विशेष गरी हेल्दी लिभिङ नेपालले उत्पादन गरेको न्यूट्रिसनसम्बन्धी सामग्रीले मलाई लाभ पुगेको महसुस भएको छ । अन्त्यमा, हामीले औषधिलाई खाना बनाउने होइन, खानालाई औषधिका रूपमा ग्रहण गर्ने संस्कार विकास गर्न आवश्यक छ । स्वस्थ, सन्तुलित र प्राकृतिक खानपान नै दीर्घकालीन स्वास्थ्यको आधार हो ।

स्वास्थ्य खबरबाट

# मेवाको बियाँका फाइदै फाइदा

धेरैले रुचाउने फलफूलमध्ये एक हो मेवा । यो खनिज र भिटामिनहरूले भरपूर्ण हुन्छ । हामी प्रायः मेवा खाँदा त्यसको बियाँ निकालेर खाने गर्छौं । तर ती बियाँ अर्थात् बीउहरू हाम्रो स्वास्थ्यको लागि भने निकै फाइदाजनक हुन्छन् । त्यही मेवाको बियाँको फाइदाबारे चर्चा गरौं ।

**१. एन्टिअक्सिडेन्टको स्रोत**

मेवाको बियाँमा पोलिफेनोल, फ्लेभोनोइड्स, एल्कालोइड्स,ट्यानिन्सरसेपोनिन्सजस्ताएन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ । एन्टिअक्सिडेन्टले हामीलाई विभिन्न रोगहरूबाट बचाउँछ ।

**२. पेट स्वस्थ बनाउँछ**

मेवाको दानामा प्रशस्त मात्रामा फाइबर हुन्छ । तिनीहरूले आन्द्राको चाललाई नियमित गर्दछ र शरीरबाट विषाक्त पदार्थहरू हटाउँछ । जसो कारण पेट सफा हुन्छ र कब्जियत पनि हुँदैन । यसले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्छ ।

**३. तौल घटाउन मद्दत गर्दछ**

मेवा दानामा प्रशस्त मात्रामा फाइबर हुन्छ । तिनीहरूले हाम्रो पाचन प्रणालीलाई स्वस्थ राख्छन् । जसकारण हाम्रो शरीरबाट विषाक्त पदार्थहरू हट्छन् । तिनीहरूले हाम्रो मेटाबलिज्मलाई नियमित गर्न र मोटोपना रोक्न मद्दत गर्छ ।

**४. कोलेस्ट्रोलको स्तर घटाउँछ**

मेवाको बीउमा ओलिक एसिड प्रशस्त हुन्छ । यी फ्याटी एसिडहरूले खराब कोलेस्ट्रोल घटाएर कोलेस्ट्रोलको स्तरलाई नियन्त्रण गर्छ । मेवाको दानामा पनि प्रशस्त मात्रामा फाइबर हुन्छ । फाइबरले शरीरमा कोलेस्ट्रोलको मात्रा घटाउन मद्दत गर्छ ।

**५. क्यान्सरको जोखिमबाट बचाउँछ**

मेवाको बीउमा पोलिफेनोल हुन्छ जुन शक्तिशाली एन्टिअक्सिडेन्ट हो । त्यसले हाम्रो शरीरलाई विभिन्न प्रकारका क्यान्सरहरूबाट बचाउँछ । मेवाको बीउमा आइसोथियोसाइनेट पनि हुन्छ, जसले क्यान्सर कोशिकाको निर्माण र विकासलाई रोक्छ ।

**६. मिर्गौलालाई फाइदा गर्छ**

मेवाको दानाले मिर्गौलालाई क्षति हुनबाट जोगाउँछ । यसको सेवनले मिर्गौलाको कामलाई सहज बनाउँछ ।

**७. मुटुको लागि फाइदाजनक**

मेवाको दानाले हाम्रो मुटुको रक्षा गर्छ । दानाहरूले रक्तचाप र कोलेस्ट्रोल स्तर कम गर्न पनि मद्दत गर्दछ, जसले हाम्रो हृदयलाई विभिन्न विकारहरूबाट बचाउँछ ।

**८. छालाको लागि राम्रो**

मेवाको बीउमा एन्टी एजिङ गुण हुन्छ । तिनीहरूले हाम्रो छालाको लचिलोपन कायम राख्छन् जसकारण रिन्कलहरु विकासलाई हुन पाउँदैनन् ।

**९. महिनावारीमा दुखाइ कम गर्छ**

मेवामा क्यारोटिन हुन्छ । जसले एस्ट्रोजेन हर्मोनको उत्पादनलाई नियन्त्रण गर्न मद्दत गर्दछ । मेवाको बीउले महिनावारी गराउन मद्दत गर्छ र यसको फ्रिक्वेन्सी पनि बढाउन सक्छ । यसले केहिहदसम्म महिनावारीमा हुने दुखाई पनि कम गर्न मदत गर्छ ।

**१०. फुड पोइजन निको पार्छ**

अनुसन्धानको अनुसार मेवाको बीउको खानाले ईकोली, साल्मोनेला, स्टेफिलोकोकस, आदि जस्ता ब्याक्टेरियाहरूलाई मार्न मद्दत गर्दछ । जुन फुड पोइजन गराउने ब्याक्टेरियाहरू हुन् ।

(फर्मइजीबाट)

अन्तर्राष्ट्रिय योग दिवस सन्दर्भः

# आरोग्य पर्यटन पर्यटनमा योग



विनोद घिमिरे

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरुको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन ।

यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ । आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ । जसका कारणले मान्छेहरुमा धेरै रोगहरु उत्पन्न भएका छन् । सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ । यसरी आकुलव्याकुल भएर मान्छेहरु अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ । मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन् । कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन् । भने कोही चाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरु कम गर्नका लागि पनि यात्रा गर्छन् । स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ । आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो । यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो। आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरु पर्दछन् ।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ। २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ । आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो । आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औं स्थानमा रहेको छ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ । आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ। आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ । योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ। त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ । योगले आरोग्य पर्यटनमा निम्न कुराहरुमा सहयोग गर्न सक्छः

**१ मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रुपमा रहेको छ । योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरु देखिँदै आएका छन् । फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ। योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरु छन् । रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरु भएका छन् । यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरु पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन् ।

**२. जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन् । जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरु, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरु आदि पर्दछन् । यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ । यसका लागि मान्छेहरुलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ, तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि चाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरी जीवनशैली व्यवथापन गर्ने भन्ने जस्ता कुराहरू चाहिँ सिक्नुपर्ने हुन्छ । अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौँ भन्ने डरले चाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रुपमा व्यवस्थित हुँदैन भन्ने छ । योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीन रुपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ । त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रीट केन्द्र तथा आश्रममा आउने चलन छ । योगले रोगरोधक, स्वास्थ्यप्रवर्द्धक, उपचारात्मक, पुनःस्थापनात्मक चारै पक्षमा कार्य गर्छ। नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि बरदान सावित छन् । विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचान अर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ। वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक-फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ।

**३. उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन् । नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ । यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन् । लुम्बिनी, पोखरा, काठमाडौँका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रीट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन्।

**४. प्राकृतिक र वैकल्पिक उपचारसँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन् । योग यी सबै विधाको परिपूरक हो। उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ । यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन् ।

**५. दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवर्द्धन**

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ। सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन् । आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ। योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जङ्गलको निकट क्षेत्रमा स्थापना हुन्छन् । यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन्। सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाऊने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ । योग आरोग्य पर्यटनको मूलमन्त्र हो। प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन् :

**अन्तर्राष्ट्रिय प्रमाणीकरण र ब्रान्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौं केन्द्रहरू सञ्चालित भएता पनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन।

२. विशिष्टीकृत वैज्ञानिक पाठ्यक्रमको अभाव

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तैः एन्टि-एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ।

**पूर्वाधार विकास र सहज पहुँचः**

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तरराष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ।

विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ । यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ।

आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ । राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ । (लेखक योग विशेषज्ञ हुन्)

# वन्यजन्तु पीडित किसानलाई राहत दिने गुल्मीदरबारको नीति



गुल्मी । जिल्लाको गुल्मीदरबार गाउँपालिकाले वन्यजन्तुको संख्या वृद्धि भएकाले मानव-वन्यजन्तुबिचको द्वन्द्व बढेसँगै बालीनालीमा हुने क्षतिबाट पीडित भएका किसानलाई राहत दिने नीति अघि सारेको छ।

गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिकाका अध्यक्ष सरोज थापाले वन्यजन्तु पीडित किसानलाई राहत दिने नीति अघि सारिएको बताए।

अध्यक्ष थापाले पालिकाभित्र मुख्य समस्याका रूपमा देखा परेको बाँदर, बँदेललगायत वन्यजन्तुको समस्या समाधानका लागि सङ्घ, प्रदेश र विभिन्न सरोकार भएका निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने घोषणा गरे। उत्पादनमुखी कृषिलाई प्रोत्साहन गर्न गाउँपालिकाले यसअघि सञ्चालनमा ल्याएको कार्यक्रम 'कृषिउपज उत्पादनः हातहातमा अनुदान'भन्ने नीतिलाई यसपटक पनि निरन्तरता दिने उनको भनाइ छ।

खेतीयोग्य जमिनलाई बाँझो राख्ने बढ्दो प्रवृत्तिलाई निरुत्साहित गर्न गाउँपालिकाले कृषिभूमि बैंकको कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। नीति तथा कार्यक्रम सार्वजनिक गर्दै गाउँपालिकाका अध्यक्ष थापाले स्थानीय बालीको बिउबिजन सङ्कलन र व्यवस्थापन गर्दै लोपोन्मुख अवस्थामा रहेका कोदो, लट्टे, जुनेलो, घैया, तीते फापर, जौ, उवालगायत बालीको उत्पादन वृद्धि गर्न र संरक्षणका लागि किसानलाई विशेष प्रोत्साहन गरिने उल्लेख गरे।

पालिकाले 'कृषि उत्पादनमा वृद्धिः गुल्मीदरबारको समृद्धि'को नारालाई आत्मसात् गर्दै लागत साझेदारीमा फलफूल, तरकारी, मसलाबाली, मौरीपालन, च्याउ, पुष्पखेती, कफीखेतीलगायत व्यावसायिक परियोजना सञ्चालन गर्ने जनाएको छ । घरघरमा उद्यमशीलताको लहर ल्याउन 'आँगनमा फूलबारी, कौशीमा मौरी घारी, घरपछाडी करेसाबारी' कार्यक्रमलाई यसपटक पनि निरन्तरता दिने भएको छ।

नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी 'गुणस्तरीय खाना उत्पादनमा स्वच्छता' नीति अपनाउँदै अर्गानिक उत्पादन र रासायनिक मलको विकल्पमा जैविक तथा गड्यौलाको मलको प्रयोगलाई बढावा दिने योजना अघि सारिएको अध्यक्ष थापाले जानकारी दिए । पशुपालनतर्फ 'मेरो पशुपक्षीः मेरो सम्पत्ति' अभियान सञ्चालन गरी पशुहरूमा लाग्ने रोगको रोकथाम र उपचार पद्धतिलाई प्रभावकारी बनाउने तथा पशुको नस्ल सुधारका लागि निःशुल्क कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिइने उल्लेख गरेको छ।

कृषि र पशु बिमा कार्यक्रममार्फत किसानद्वारा गरिएको लगानीको जोखिम न्यूनीकरण गरिनुका साथै पालिकाभित्रका उत्कृष्ट किसानलाई प्रोत्साहन गर्न 'गुल्मीदरबार उत्कृष्ट कृषक सम्मान' कार्यक्रमलाई निरन्तरता दिइने नीतिमा समेटिएको छ । पालिकाले 'गुल्मीदरबारका महिलाः उद्यमशीलतामा पहिला' भन्ने मूलमर्मलाई आत्मसात् गर्दै महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्ने भएको छ।

त्यसैगरी, स्वास्थ्यतर्फ 'हाम्रो गाउँ, स्वस्थ बनाऔं', 'साथी शिक्षा', 'मेरी आमाः स्वास्थ आमा', 'उपाध्यक्ष कोसेली' लगायत कार्यक्रमलाई निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख छ। नीति तथा कार्यक्रममा पालिकाभित्र सञ्चालित सहकारी संस्थालाई सुदृढ र पारदर्शी बनाउन समस्याग्रस्त सहकारीहरूको अध्ययन गरी समाधानको पहल विषय पनि समेटिएको छ।

# स्याङ्जाका स्थानीय तहलाई २५ करोड बढी अनुदान

स्याङ्जा । स्याङ्जाका स्थानीय तहले वित्तीय हस्तान्तरणतर्फ २५ करोड ११ लाख ३६ हजार अनुदान पाउने भएका छन् । गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ मा जिल्लाका ११ स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपुरक अनुदानमा उक्त रकम दिने भएको हो।

वित्तीय हस्तान्तरणमा जिल्लाका ५ नगरपालिकाले १२ करोड ९९ लाख ५ हजार अनुदान पाउँदा ६ गाउँपालिकाले १२ करोड १२ लाख ३१ हजार अनुदान पाउने भएका छन् । चालु आर्थिक वर्षमा २६ करोड १२ लाख ४७ हजार अनुदान पाएका जिल्लाका स्थानीय तहले आउँदो वर्ष झण्डै एक करोड ११ लाखभन्दा बढीले कम अनुदान पाउने भएका छन् ।

प्रदेश सरकारबाट जिल्लामा सबैभन्दा बढी वालिङ नगरपालिकाले तीन करोड तीन लाख ४९ हजार अनुदान पाउने भएको छ । त्यस्तै पुतलीबजार नगरपालिकाले दुई करोड ८३ लाख दुई हजार पाउँदा गल्याङ नगरपालिकाले दुई करोड ६५ लाख ५३ हजार अनुदान पाउने भएको छ। चापाकोट नगरपालिकाले दुई करोड २९ लाख १३ हजार पाउँदा भीरकोट नगरपालिकाले दुई करोड १६ लाख ६९ हजार अनुदान पाउने भएको आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेशले जनाएको छ।

त्यसैगरी गाउँपालिकातर्फ सबैभन्दा बढी कालीगण्डकी गाउँपालिकाले दुई करोड १९ लाख ८५ हजार अनुदान पाउने भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बिरुवा गाउँपालिकाले दुई करोड ६ लाख ७३ हजार रकम पाउँदा आँधीखोला गाउँपालिकाले दुई करोड ९० हजार अनुदान रकम पाउने भएको छ।

त्यस्तै हरिनाश गाउँपालिकाले एक करोड ९९ लाख ७३ हजार पाउँदा अर्जुनचौपारी गाउँपालिकाले एक करोड ९८ लाख ७२ हजार रकम अनुदान पाउने भएको मन्त्रालयले जनाएको छ । गाउँपालिकातर्फ जिल्लामा सबैभन्दा कम एक करोड ८६ लाख ३८ हजार मात्रै अनुदान रकम पाउनेमा फेदीखोला गाउँपालिका रहेको मन्त्रालयले जनाएको छ।

चालु आर्थिक वर्षको तुलनामा आउँदो वर्षका लागि एक करोड ११ लाख अनुदान घटेकोमा चापाकोट नगरपालिकाको मात्रै ७८ लाख रुपैयाँ अनुदान कटौती भएको छ। वित्तीय हस्तान्तरणतर्फ समानीकरण, सशर्त, विशेष र समपुरक शीर्षकमा अनुदान दिँदै आएकोमा आउँदो वर्ष जिल्लाका सबै पालिकालाई सशर्त अनुदानतर्फको शीर्षकको रकम कटौती गरिएको छ।

**रास्वपा**...

**पुराना विकृति र विसंगतिहरूको अन्त्य गर : यादव**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकको आमूल परिवर्तनका लागि पुराना विकृति र विसंगतिहरूको अन्त्य गर्दै नयाँ दिशामा अघि बढ्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई शुभकामना दिएका छन् । चितवनमा आइतबार आयोजित रास्वपाको ऐतिहासिक पहिलो राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष यादवले नयाँ म्यान्डेटसहित आएको रास्वपाले देशलाई नयाँ युगतर्फ लैजाने विश्वास व्यक्त गरे।

सम्बोधनका क्रममा अध्यक्ष यादवले निर्वाचनमार्फत् रास्वपाले प्राप्त गरेको नयाँ म्यान्डेटका लागि बधाई दिँदै अब विगतका कमी-कमजोरी र विकृतिहरूलाई त्यहीँ छाडेर अगाडि बढ्नुपर्नेमा जोड दिए। यो महाधिवेशन नयाँ युगको थालनीका लागि एउटा महत्वपूर्ण सावित हुने अपेक्षा राख्दै उनले मुलुकले अहिले मुख्य रूपमा सुशासन र सामाजिक न्याय खोजिरहेको उल्लेख गरे।

संविधानका विषयमा टिप्पणी गर्दै अध्यक्ष यादवले वर्तमान संविधानमा संघीयता र गणतन्त्रजस्ता महत्वपूर्ण पक्षहरू समावेश भएता पनि धेरै ठाउँमा यो अपूर्ण र अमूर्त रहेको बताए। उनले संविधानमा रहेका विसंगतिहरूलाई हटाउन यसको परिमार्जन र संशोधन आवश्यक रहेको औंल्याउँदै त्यसका लागि रास्वपासँग ऐतिहासिक जिम्मेवारी रहेको स्मरण गराए । 'संविधान संशोधन र परिमार्जन गरी यसलाई पूर्ण बनाउने जिम्मेवारी अब यहाँहरूको काँधमा छ।'- उनले भने।

**जेनजी आन्दोलनको भावलाई नबिर्स : डा. राउत**

जनमत पार्टीका अध्यक्ष सीके राउतले जेनजी आन्दोलनको भावलाई नबिर्सन सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सुझाव दिएका छन् । चितवनको भरतपुरस्थित गेष्टहाउस चौरमा आयोजित रास्वपाको प्रथम महाधिवेशनको उद्घाटन समारोहमा बोल्दै उनले यस्तो बताएका हुन् । अध्यक्ष राउतले आफू उक्त महाधिवेशनमा जेनजी आन्दोनलबाट प्राप्त विश्वास नभुल्नका लागि रास्वपालाई सम्झाउन पनि महाधिवेशनमा सहभागी हुन आएको स्पष्ट पारे।

उनले आफूले आफनो पार्टीको देश बनाउने सपना पनि रास्वपाबाटै पूरा होस् भन्ने चाहेको बताए । राउतले भने-'जेनजी आन्दोलनको भावलाई नबिर्सनु होला भनेर सम्झाउन पनि म यो महाधिवेशनमा आएको हुँ । त्यही भएर तपाईंहरूको जुन आन्दोलनबाट उदय हुनुभएको छ। जुन जनआस्था प्राप्त गर्नुभएको छ। विश्वास प्राप्त गर्नुभएको छ। त्यो शहीदको सपना कहिल्यै पनि नबिर्सनु होला भनेर पनि म यहाँबाट भन्न चाहन्छु । हाम्रो पार्टी फरक होला केही छैन। हामी भन्छौं-हाम्रो सपना पनि तपाईमार्फत नै पूरा होस्, हामी त्यो चाहन्छौं । त्यसको लागि हामी शुभकामना दिन चाहन्छौं।'

राउतले रास्वपाले जेनजी आन्दोलनका शहीदहरूको सपनालाई पनि नबिर्सने विश्वास व्यक्त गरे।

**साइबर**...

जेन-जी घटनाको अनुसन्धान पनि त्यही नियतिमा पुग्ने आशंका व्यक्त गरिन्।

उनले भनिन्-'जेन-जीको घटनामा मानवअधिकार आयोगले निष्पक्ष भएर प्रतिवेदन तयार पारेको छ । तर अहिले यस्तो साइबर बुलिङ छ कि। तिन-चार दिन अगाडि कांग्रेसको एउटा इन्टेलेक्चुअल बडीको टेबलमा मलाई कुरा राख्न बोलाउँदा खेरि बोलेको भरमा यस्तो-यस्तो शब्द प्रयोग गरेर मलाई ट्याग गरेर पठाएको छ कि त्यो भन्नै नहुने शब्द छ। कति जनालाई लिएर म साइबरमा रिपोर्टिङ गर्ने किन गर्ने ?' उनले थपिन्- 'यति गाली आउँछ कि अहिले मैले फेसबुक र मिडिया हेर्नै छाडे । नयाँ पार्टीमा छु, भन्दैमा त्यसरी त्यस्तो शब्दहरू प्रयोग गरेर मिडियामा सोसल मिडियामा लेख्न पाइन्छ त ? अनि आफूलाई मानवअधिकारवादी भन्नेहरूले पनि अर्काको मेन्टल्ली ह्यारेस गर्ने, टर्चर गर्ने थ्रेट गर्ने काम गरिरहेका छन् । यस्तो अवस्थामा भोली कसले निष्पक्ष भएर काम गर्ने त ? त्यो गाह्रो छ नि।'

आयोगले सरकारलाई दिएका सिफारिसहरू कार्यान्वयनका लागि फलोअप गर्ने प्रक्रिया रहे पनि नागरिक समाजले शुरुदेखि नै दबाब सिर्जना गर्नुपर्ने उनको भनाइ छ। नागरिक समाजले आयोगले दिएका सिफारिसहरु कार्यान्वयनको लागि दबाब नदिएमा आयोगका सिफारिसहरू मन्त्रालय र प्रधानमन्त्री कार्यालयका दराजमै थन्किने उनले बताइन्।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लु रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
● ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
● लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# उद्योग व्यापार संघले मनायो आठौं स्थापना दिवस




बुटवल । उद्योग व्यापार संघ बुटवलले विभिन्न कार्यक्रम गरी आफ्नो आठौं स्थापना दिवस मनाएको छ । स्थापना दिवसका अवसरमा संघले बुटवलको पुष्पलालचोकदेखि ट्राफिक चोकसम्म को सिद्धार्थ राजमार्गको मुख्य डिभाइडरमा वृक्षारोपण गरेको छ।

संघले सो क्षेत्रको डिभाइडरमा करिब ५० वटा बेगम बेली फूलका बिरुवा रोपेको छ। उक्त कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष लोकनाथ न्यौपाने प्रमुख अतिथि रहनुभएको थियो।

उक्त कार्यक्रममा बोल्दै वडाध्यक्ष न्यौपानेले उद्योग व्यापार सङ्घले स्थापनाको छोटो अवधिमा सामाजिक क्षेत्रमा विभिन्न रचनात्मक काम हरू गरेको भन्दै सराहना गरेका थिए। उक्त कार्यक्रममा फ्री योगा साधना देवीनगरका सदस्यहरूको सहयोग रहेको थियो । यसैगरी सङ्घले स्थापना दिवसकै अवसरमा बुटवल शिव नगरमा रहेको नन्दिनी गौशालामा रहेका गौ मातालाई दाना खुवाएको छ।

उक्त कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव राना प्रमुख अतिथि रहेका थिए । प्रवक्ता रानाले बुटवलमा क्रियाशील प्रमुख चारवटा व्यवसायिक संस्थाहरूमध्ये कान्छो भएपनि उद्योग व्यापार संघ बुटवलले बुटवल उप-महानगरपालिकासँग गर्ने सहकार्य र सामाजिक क्षेत्रमा गर्ने योगदान अन्य संस्था सरह नै रहेको भन्दै संघको योगदानको प्रशंसा गरे।

संघले गरेका कार्यक्रममा संघका अध्यक्ष लोकनाथ पन्थी, शङ्का सल्लाहकार पुष्पराज ढकाल, निवर्तमान अध्यक्ष गोविन्दराज गैरे, वरिष्ठ उपाध्यक्ष पदम जिसी , उद्योग उपाध्यक्ष केशव श्रीस, वाणिज्य उपाध्यक्ष यमलाल मरासिनी, महासचिव विजय आचार्यलगायतले बोलेका थिए।

# ग्रील व्यवसायीलाई दुई दिने तालिम




बुटवल । ग्रील, स्टिल तथा आल्मुनियम व्यवसायी संघ, रुपन्देहीले संघमा आवद्ध व्यवसायीलाई सुरक्षा, प्रविधि एवं व्यवसायिक अभिवृद्धिमूलक २ दिने तालिम दिएको छ।

बुटवल उप-महानगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित कार्यक्रमको उद्घाटन नगरप्रमुख खेलराज पाण्डेयले गरेका थिए। संघका अध्यक्ष मीना थापा तुलाधरले संघमा आबद्ध व्यवसायीलाई समय सापेक्ष तालिम दिई थप दक्ष बनाउन दुई दिने तालिम आयोजना गरिएको बताइन् । नगर प्रमुख पाण्डेयले व्यवसायिक संघसंस्थासंग उपमहानगरले सधैं सहकार्य गरेर अघि बढ्ने बताए।

सुरक्षा तथा प्रविधिसम्बन्धी प्रशिक्षण मानकाजी कुमाल, व्यवसाय अभिवृद्धिसम्बन्धी प्रशिक्षण मुकुन्द ज्ञवालीबाट दिइएको थियो भने कार्यक्रममा कार्यक्रम संयोजक सूर्य सोमै थापा, संघका महासचिव विष्णुबहादुर राना,पुर्व अध्यक्ष, सल्लाहकारहरुले पनि आफ्ना भनाई राख्दै संघले आयोजना गरेको तालिम प्रभावकारी हुने धारणा राखेका थिए।

# भूमि समस्या समाधान समितिमा भूमिहीन/अव्यवस्थित बसोवासी संरक्षण समितिको प्रतिनिधित्व गराउन माग




बुटवल । सरकारले गठन गर्ने भूमि समस्या समाधान समितिमा प्रमुख सरोकारवाला संस्था भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संरक्षण समितिको प्रतिनिधित्व गराउन माग गरेको छ । समितिको केन्द्रीय समितिको शनिबार बुटवलमा सम्पन्न तेस्रो बैठकले मुख्य सरोकारवाला निकायलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन माग गर्ने निर्णय गरेको हो।

संरक्षण समितिले असार ९ गते विभिन्न मागसहित भूमिहीन/अव्यवस्थित बसोवासी प्रभावित सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको समितिका सचिव राजकुमार भट्टराईले जानकारी दिए।

यस्तै समितिले असार २० गतेभित्र भूमिहीन/अव्यवस्थित बसोवासी संरक्षण समिति र भूमि अधिकार संरक्षण युवा दस्ता गठन गरी प्रभावित २२ वटै जिल्लामा संगठन विस्तार गरिसक्ने निर्णय गरेको सचिव भट्टराईले बताए।

यस्तै असार १० गते दाङको टिकुलिगढको अव्यवस्थित वस्ती हटाउन सरकारले गरेको तयारी रोक्न दबाव दिन तुल्सीपुरमा न्यायका लागि वृहत् प्रदर्शन गर्ने निर्णय गरेको संरक्षण समितिका युवा अगुवा हरिष गिरीले बताए । यस्तै असार १५ गते भूमिहीन/अव्यवस्थित बसोवासी प्रभावित जिल्लाहरुमा संरक्षण समिति र जिल्लास्थित सरोकारवाला निकायसंग अन्तरक्रिया गर्ने निर्णय गरिएको संरक्षण समितिका संयोजक खगेन्द्र पौडेलले बताए।

बैठकले संरक्षण समितिका सल्लाहकार वीरेन्द्र विकको संयोजकत्वमा सरकारले अध्यादेशमार्फत ल्याएको विधेयकअनुसार बनेको भूमि सम्बन्धी नयां ऐन र कार्यविधि अध्ययन गरी सरकारलाई सुझाव दिन ९ सदस्यीय कार्यदल समेत गठन गरेको अध्यक्ष पौडेलले जानकारी दिए।

संरक्षण समितिका सल्लाहकार वीरेन्द्र विकले सरकारले उचित वैकल्पिक व्यवस्था विना काठमाडौं सहित विभिन्न जिल्लामा सुकुम्वासी र अव्यवस्थित बस्तीमा डोजर चलाएर बस्ती विस्थापन गराउन थालेपछि बुटवल सहित विभिन्न जिल्लामा आन्दोलन भएको र आन्दोलनको दबाब पछि भूमि समस्या समाधान समिति गठन गर्ने तयारी गरेको भन्दै यसमा आफूहरुको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने जनाए। मुख्य सरोकारवाला संस्थाको प्रतिनिधित्व विना कर्मचारी प्रशासनबाट मात्रै भूमि समस्या समाधान र लालपूर्जा वितरण न्यायोचित नहुन सक्ने विगतका थुप्रै उदाहरण रहेको भन्दै विकले यो मागलाई सकारात्मक र गम्भीरतापूर्वक लिन सरकारको ध्यानाकर्षण गराएका छन् । विकको संयोजकत्वमा

अहिलेको सरकारले अध्यादेशमार्फत् ल्याएको ऐन अनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिमा प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्लाभित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, सदरमुकामस्थित मालपोत कार्यालयका प्रमुख, डिभिजन वन कार्यालयका प्रमुख र जिल्ला प्रशासन कार्यालयकै एक अधिकृत प्रतिनिधिलाई सदस्य तोकेको छ । यसैगरी, नियम ४१ क ६ को खण्ड छ ले नापी कार्यालयका प्रमुखलाई समितिको सदस्य-सचिवको जिम्मेवारी तोकेको छ। बालेन सरकारले ल्याएको यस नयाँ कानुनी व्यवस्थाको नियम ४१ क ८ ले प्रमुख जिल्ला अधिकारी नेतृत्वको समितिलाई सुकुम्वासी समस्या समाधानका लागि असिमीत अधिकार दिएको छ।

नियम ४१ क ८ को खण्ड कदेखि छसम्मका व्यवस्थाअनुसार जिल्लाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीको दिगो व्यवस्थापन गर्न आवश्यक कार्ययोजना तर्जुमा गर्ने, त्यसलाई स्वीकृत गर्ने र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्ने सम्पूर्ण जिम्मा सीडीओ नेतृत्वको यही समितिको हुनेछ।

यति मात्र होइन, नियम ४१ क ८ को खण्ड च बमोजिम स्थानीय तहबाट भइरहेको भूमिहीन र सुकुमबासीको पहिचान, लगत संकलन र प्रमाणीकरणसम्बन्धी कार्यको सूक्ष्म अनुगमन गर्ने र आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण तालिम दिने अधिकार पनि समितिलाई नै दिइएको छ।

यस्तै जग्गाधनी दर्ता प्रमाणपूर्जा अर्थात् लालपुर्जा वितरणको अन्तिम साँचो पनि प्रमुख जिल्ला अधिकारीलाई नै दिइएको छ । नियम ४१ क १३ ले पुर्जा वितरणसम्बन्धी कडा र स्पष्ट व्यवस्था गरेको छ। नियम ४१ क १३ को उप-नियम १ मा समितिले पहिचान र प्रमाणीकरण गरेका भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोवासीलाई जग्गाको नक्सा स्रेस्ताका आधारमा लालपुर्जा तयार भएपछि प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधिको रोहबरमा सम्बन्धित भूमि प्रशासन कार्यालयको प्रमुखले वितरण गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, सोही नियमको उपनियम २ ले सगोलमा रहेका पतिपत्नीको संयुक्त नाममा पुर्जा तयार गरी उपलब्ध गराउनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । प्रधानमन्त्री बालेन्द्र साहले शुरुमा एक हजार दिनमा सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई लालपूर्जा दिने वाचा गरेका थिए। उनी प्रधानमन्त्री भएपछि भने ५ सय दिनमा समस्या समाधान गर्ने र नसकेमा सय दिन समय थपेर ६ सय दिनमा समाधान गर्ने प्रतिवद्धता गरेका छन्।

नेपालमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी गरी १२ लाख बढी परिवार रहेका छन् । भूमिसम्बन्धी समस्याबाट कम्तीमा ४० लाख जनसंख्या प्रत्यक्षरुपमा प्रभावित छन् । यसअघिको नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकारले सुकुम्वासी र अव्यवस्थित बसोबासीले जोतभोग गर्दै आएको जग्गाको नापजाँच र नक्सा समेत तयार गरी लालपूर्जा वितरणको प्रकृया समेत सुरु गरेको थियो । सोही क्रममा भदौ २३ र २४ को जेन जी आन्दोलनपछि सरकार परिवर्तन संगै भूमि आयोग खारेज गरिंदा लालपूर्जा वितरणको काम रोकिएको थियो।

# माण्डवीका कृषकलाई कृषि औजार वितरण



**लव कुमार अधिकारी**

*प्यूठान*

माण्डवी गाउँपालिकामा ५० प्रतिशत अनुदानमा कृषकहरूलाई कृषि यान्त्रीकरण वितरण गरिएको छ। पालिकाले सूचीकृत कृषक समूह, सहकारी र निजी फार्महरूलाई ५० प्रतिशत अनुदानमा वितरण गरेको हो।

आइतबार माण्डवी गाउँपालिकाको कार्यालय परिसरमा मिनिमिटर र कम्बाइन मिल वितरण गरेको छाकृषक समूह, सहकारी र निजी फार्महरूको माग र आवश्यकताको आधारमा यान्त्रीकरण औजार वितरण गरिएको माण्डवी गाउँपालिकाको कृषि शाखा प्रमुख सनत केसीले बताए। ५० प्रतिशतमा कृषकहरुलाई मिनिटिलर ८६ थान र मिल ३७ गरि ३६ कृषक समूहलाई उक्त कृषि औजार वितरण गरेको शाखा प्रमुख केसीले जानकारी दिए।

कृषकलाई यान्त्रिकीकरण औजार हस्तान्तरण गर्दै माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी(रोशन)ले आधुनिक कृषि उपकरणहरूको प्रयोगले कृषकहरूको उत्पादन वृद्धि गराउन सहयोग पुग्ने बताए। 'कृषकहरूलाई आधुनिक यन्त्र उपकरणहरूको प्रयोगले समय र लागत खर्चको बचत हुन्छ,' उनले भने-'वार्षिक स्वीकृत कार्यक्रमअनुसार पालिकाका कृषकलाई कृषि यान्त्रिकरण वितरण गरेको हो।' अनुदानमा प्राप्त गरेका कृषकहरुलाई कृषि सामग्रीहरु बिक्री वितरण गरेको, प्रयोग बिहिन भएको पालिकामा उजुरी आयो भने पालिकाबाट अनुगमन गरि कृषकलाई कारवाही गरिने समेत अध्यक्ष अधिकारीले बताए।

वितरण कार्यक्रमा माण्डवी गाउँपालिकाका उपाध्यक्ष पूर्णप्रसाद कालाथोकी, माण्डवी गाउँपालिका वडा -३ का वडाध्यक्ष धनेन्द्र कार्की, माण्डवी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकान्त भण्डारी र कृषकहरुको सहभागिता रहेको थियो।

परम्परागत खेती प्रणालीले एकातर्फ समय बढी खर्चिने र अर्कोतर्फ कृषकलाई कार्य बोझ बढ्ने समस्या हुँदा आधुनिक कृषि औजारले कृषकलाई थप सहयोग पुऱ्याउँछ।

# कृषकलाई १५ लाखको यान्त्रिकीकरण



**प्रकाश डोटेल**

*स्याङ्जा*

परम्परागत खेतीलाई आधुनिक बनाउने अभियानअन्तर्गत स्याङ्जाको भीरकोट नगरपालिकाले कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण गरेको छ । उत्पादन लागत घटाउनु र व्यवसायिक खेती विस्तारमा टेवा पुऱ्याउने उद्देश्यले कृषि औजार वितरण गरिएको हो।

चालू आर्थिक वर्ष २०८२/८३ मा यान्त्रिकीकरण कार्यक्रमअन्तर्गत ३२ वटा डिजेल इन्जिन, २० वटा पेट्रोल इन्जिन गरी ५२ वटा हाते ट्याक्टर र १८ वटा कम्बाइन्ड मिल कृषकलाई हस्तान्तरण गरिएको छ। कृषकले पेट्रोल इञ्जिनसहितको हाते ट्याक्टर १९ हजार ५ सय, डिजेल इन्जिनसहितको हाते ट्याक्टर २६ हजार र २० हजार रुपैयाँमा कम्बाइन्ड मिल प्राप्त गरेका छन्।

कृषि उत्पादन बढाउने र व्यवसायिक कृषिलाई प्रोत्साहन गर्ने उद्देश्यले मागका आधारमा औजार वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले जानकारी दिए। आर्थिक वर्ष २०८२/८३ मा यान्त्रिकीकरण कार्यक्रमतर्फ १५ लाख रुपैयाँ मूल्य बराबरका कृषि औजार हस्तान्तरण गरिएको लम्सालले जनाए।

नगरपालिकाले चालु वर्षमा कृषि औजारसँगै उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत जातका धान, मकै, गहुँ, सुन्तला, कागती, अन्य फलफूलका बिउलगायतका बिरुवाहरु समेत ५० प्रतिशत अनुदानमा वितरण गरेको छ। भौगोलिक र वातावरणीय प्रभावलाई ध्यानमा राखेर भूगोल सुहाउँदो कृषिमा नगरपालिकाले प्राथमिकता दिँदै आएको छ।

भीरकोट नगरपालिकाले पछिल्ला केही वर्षदेखि कृषि क्षेत्रमा नयाँ अभ्यासहरू गर्दै आएको छ। २० रोपनी बाँझो जमिनमा व्यवसायिक तरभुजा खेतीको परीक्षण सफल गरेको नगरपालिकाले स्थानीय कृषकको समूह निर्माण गरेर करिब एक सय २५ रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी खेती विस्तार तथा नयाँ र उत्पादन वृद्धि गर्ने कृषिमा केन्द्रित हुँदै गएको छ।

नगरपालिकाले तरकारी, दूध तथा मासु उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले जनाए। स्थानीय तहको अगुवाइमा कृषि पेशालाई थप आकर्षक र उत्पादनमुखी बनाउन मद्दत पुगेको स्थानीय कृषकले जनाएका छन्।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com